नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन १५ गते २०१८ साल

श्री ५ को सरकार

वन कृषि मन्त्रालय

श्री ५ को सरकारले बनाएको जङ्गली पैदावार विक्री वितरण नियमावली २०१८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

वन ऐन २०१८ को दफा २६ ले दिएको अधिकार र यस सम्बन्धमा प्राप्त अन्य सबै अधिकारको प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम जङ्गली पैदावार विक्री वितरण नियमावली २०१८ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा

(क) "ऐन" भन्नाले वन ऐन २०१८ सम्झनु पर्छ।

(ख) "अनुसूची" भन्नाले यो नियमावलीको अनुसूची सम्झनु पर्छ।

(ग) "जङ्गली पैदावार" भन्नाले यो नियमावलीको अनुसूचीहरूमा उल्लेख गरिएको सबै पदार्थलाई सम्झनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "स्थानीय" हाकिम भन्नाले स्थानीय बडाहाकिम वा मेजिष्ट्रेट सम्झनुपर्छ ।

(ङ) "दाउरा" भन्नाले पांचफुटभन्दा कम लम्बाइ भएको र तीन फुटभन्दा कम गोलाइ भएको काठ सम्झनु पर्छ ।

(२) यी नियमहरूमा प्रयोग भएको तर ऐनमा परिभाषा गरिएको शब्दहरूको अर्थ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ऐनमा लेखिए बमोजिमकै हुनेछ ।

३. जङ्गली पैदावार लिन पुर्जी लिनुपर्ने:– (१) यी नियमहरू अन्तर्गत प्राप्त पुर्जीको अधिकार बिना कसैले जङ्गली पैदावार पाउने छैन ।

(२) उप–नियम (१) बमोजिम दिइने पुर्जीको ढांचा चीफ कन्जरभेटर अफिसले तोकिदिए बमोजिमको हुनेछ ।

४. जङ्गली पैदावार प्राप्त गर्नको लागि डि. एफ. ओ भएको ठाउंमा डि. एफ. ओ. छेउ र डि. एफ. ओ. नभएको ठाउंमा स्थानीय हाकिम छेउ दरखास्त दिनुपर्ने:– जङ्गली पैदावारको पुर्जी प्राप्त गर्नको लागि डि. एफ. ओ. भएको ठाउंमा डि. एफ. ओ. वा निजले तोकेको अधिकारी छेउ र सो नभएको ठाउंमा स्थानीय हाकिम वा निजले तोकेको अधिकारी छेउ दरखास्त दिनुपर्छ र त्यस्तो दरखास्त दिंदा टिकट दस्तूर लाग्ने छैन ।

५. घरसंगा:– कुनै व्यक्तिले अनुसूची (१) मा उल्लेख गरिए बमोजिमको फुस वा ढुङ्गाको गारो भएको घर बनाउन काठ लिन चाहेमा निजले देहाय बमोजिमको दस्तूरसाथ नियम (४) मा उल्लेख गरिए बमोजिमको ठाउंमा दरखास्त दिन सक्नेछ र त्यस ठाउंका डि. एफ. ओ. वा स्थानीय हाकिम वा निजहरूले तोकेको अधिकारीले त्यस्तो दरखास्तमा उल्लेख गरिए बमोजिमको काठ दिन उचित ठहराएमा निजले त्यस्तो व्यक्तिलाई त्यस्तो काठ ल्याउन पुर्जी दिनेछ । र त्यस्तो पुर्जीबाट पुर्जीवालाले सोही अनुसूचीमा उल्लेख गरे बमोजिमको काठ प्राप्त गर्न सक्नेछ ।

(क) सालसमेत लिएमा ने. रू. – – – ५। पांच

(ख) साल नलिएमा ने. रू. – – – २। दुई

तर आगलागी भई वा अरू कुनै प्रकारको दैवी परी कुनै व्यक्तिले यो नियम बमोजिम घर बनाउन काठ लिन दरखास्त दिएकोमा सालसमेत लिएकोमा ने. रू. १। एक र साल नलिएमा ने. रू. ।५० पैसा मात्र दस्तूर बुझाउनुपर्नेछ ।

६. हरसंगा:– कुनै व्यक्तिले हलो बनाउनको लागि अनुसूची (२) मा उल्लेख गरे बमोजिम काठ लिन चाहेमा निजले ने. रू. १। एक दस्तूरसाथ नियम (४) मा उल्लेख गरे बमोजिमको ठाउंमा दरखास्त दिन सक्नेछ । र त्यस ठाउंमा डि. एफ. ओ. वा स्थानीय हाकिम वा निजहरूले तोकेको अधिकारीले त्यस्तो काठ दिन उचित ठहराएमा निजले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो व्यक्तिलाई त्यस्तो काठ ल्याउने पुर्जी दिनेछ। त्यस्तो पुर्जीबाट पुर्जीवालाले सोही अनुसूचीमा उल्लेख गरे बमोजिमको काठ प्राप्त गर्न सक्नेछ।

७. घर वा हरसंगाको पुर्जी साल एकमा एक पटक दिइने:— आगलागी वा दैवी परेको अवस्थामा बाहेक कुनै व्यक्तिलाई सालभरीमा साधारणतः एक पटकमात्र घर वा हरसङ्गाको पुर्जी दिइनेछ।

८. घर वा हरसङ्गा बाहेक अन्य कुनै कामको निमित्त काठ लिदा काठको मोल तिर्नुपर्ने:— कुनै व्यक्तिले घर वा हरसङ्गा बाहेक अरू कुनै आफ्नो निजी घरकाजको प्रयोगको निमित्त वा अन्य कुनै कामको लागि काठ लिन चाहेमा निजले नं. रू. १। एक दस्तूरसाथ नियम (४) मा उल्लेख गरे बमोजिमको ठाउंमा दरखास्त दिन सक्नेछ र त्यस ठाउंमा डि. एफ. ओ. वा स्थानीय हाकिम वा निजहरूले तोकेको अधिकारीले त्यस्तो दरखास्तमा उल्लेख गरे बमोजिमको काठ दिन उचित ठहराएमा निजले त्यस्तो काठ ल्याउन पुर्जी दिने छ र त्यस्तो पुर्जीबाट पुर्जीवालाले अनुसूची (३) मा उल्लेख गरे बमोजिमको काठको सम्बन्धमा सोही अनुसूचीमा उल्लेख गरे बमोजिमको मोल बुझाई काठ लिन सक्नेछ।

तर चुरे पहाड रहेको ठाउंमा चुरे पहाडदेखि उत्तर र महाभारत पहाडदेखि दक्षिण रहेको व्यक्तिहरूले अनुसूची (३) मा उल्लेख गरिए बमोजिमको काठ लिदा निजसंग त्यस्तो काठको सम्बन्धमा त्यस्तो अनुसूचीमा उल्लेख गरिएको मोलभन्दा पच्चीस प्रतिशत कम मोल र काठमाडौं उपत्यका बाहेक महाभारत पहाडदेखि उत्तर रहेका व्यक्तिसंग पचास प्रतिशत कम मोल लिइनेछ।

९. डोंड, घोधर, जामुन जमठको पुर्जी प्राप्त गर्दाको:— (१) नियम (८) मा जेसुकै लेखिए तापनि डोंड, घोधर, जामुन, जमठको निमित्त काठ लिन चाहने व्यक्तिले नं. रू. ।५० पचास पैसा दस्तूरसाथ नियम (४) मा उल्लेख गरिएको ठाउंमा दरखास्त दिन सक्नेछ र त्यस ठाउंको डि. एफ. ओ. वा स्थानीय हाकिम वा निजहरूले तोकेको अधिकारीले त्यस्तो डोंड, घोधर वा जामुन जमठ दिन उचित ठहराएमा निजले डोंड, घोधर वा जामुन जमठ ल्याउन पुर्जी दिनेछ र त्यस्ता पुर्जीबाट निजले डोंड, घोधर वा जामुन जमठको निमित्त काठ विना मोलमा प्राप्त गर्न सक्नेछ।

१०. दाउरा, बनकस, खर, ढुङ्गा, जडीबूटी, घाँस, पात र बेत इत्यादि लिनु पर्दा मोल दिनुपर्ने:— कुनै व्यक्तिले दाउरा, गाभा, बनकस, सिमलको भुवा, बेत, खर, ढुङ्गा, जडीबूटी घांसपात, गोल ग्राभेल बालुवा वा बांस लिन चाहेमा निजले नं. रू. ।२५ पच्चीस पैसा दस्तूरसाथ नियम (४) मा उल्लेख गरे बमोजिमको ठाउंमा दरखास्त दिन सक्नेछ र त्यस ठाउंको डि. एफ. ओ. वा स्थानीय हाकिम वा निजहरूले तोकेको अधिकारीले त्यस्तो गोल, ग्रामेल, बालुवा, बांस, दाउरा, गाभा, बनकस, सिमलको भुवा, बेत, खर,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ढुङ्गा, ढड्डी, जडीबूटी वा घांसपात दिन उचित ठहराएमा पुर्जी दिनेछ र त्यस्तो पुर्जीबाट निजले अनुसूची (४) मा उल्लेख गरे बमोजिमको दाउरा गाभा, वनकस, गोल, सिमलको भुत्रा, बेत, खर, ढुङ्गा, जडीबूटी, घांसपात, आभेल बालुवा वा बांसको मोल लाग्ने रहेछ भने सोही अनुसूचीमा उल्लेख गरे बमोजिमको मोल बुझाई प्राप्त गर्न सक्नेछ।

तर चुरे पहाड रहेको ठाउंमा चुरे पहाडदेखि उत्तर महाभारत पहाडदेखि दक्षिण रहेका व्यक्तिहरूले अनुसूची (४) मा उल्लेख गरिए बमोजिमको दाउरा लिंदा निजसंग त्यस्तो दाउदाको सम्बन्धमा त्यस्तो अनुसूचीमा उल्लेख गरिएको मोलभन्दा पच्चीस प्रतिशत कम मोल र काठमाडौं उपत्यका बाहेक महाभारत पहाडदेखि उत्तर रहेका व्यक्तिसंग पचास प्रतिशत कम मोल लिइनेछ।

११. बल्लाबल्लीको काठको मोल तिर्नुपर्ने:– कुनै व्यक्तिले बल्लाबल्लीको निमित्त काठ लिन चाहेमा निजले ने. रू. १। एक दस्तूरसाथ नियम (४) मा उल्लेख गरिएको ठाउंमा दरखास्त दिन सक्नेछ र त्यस ठाउंमा डि. एफ. ओ. वा स्थानीय हाकिम वा निजहरूले तोकेको अधिकारीले त्यस्तो दरखास्तमा उल्लेख गरे बमोजिमको बल्लाबल्ली दिन उचित ठहराएमा निजले त्यस्तो बल्लाबल्ली ल्याउन पुर्जी दिने छ र त्यस्तो पुर्जीबाट पुर्जीवालाले अनुसूची (५) मा तोकिएका बमोजिमको काठको बल्लाबल्लीको सम्बन्धमा सोही अनुसूचीमा तोकिए बमोजिमको मोल बुझाई त्यस्तो बल्लाबल्ली प्राप्त गर्न सक्नेछ।

१२. काठ वा दाउरा ल्याउंदा सुके ढलेको ल्याउनुपर्ने:– कुनै व्यक्तिले काठ वा दाउरा ल्याउंदा सुकेको वा अर्ध–सुकेको र ढलेको रूखको ल्याउनुपर्छ।

तर सुकेको वा अर्ध–सुकेको र ढलेको रूख रहेनछ भने डि. एफ. ओ. भएको ठाउंमा डि. एफ. ओ. वा निजले तोकेको अधिकारीबाट र सो नभएको ठाउंमा स्थानीय हाकिम वा निजले तोकेको अधिकारीबाट हरियो खडा रूखमा चिनो लगाई त्यस्तो रूख ढाली त्यस्तो रूखको काठ वा दाउरा ल्याउन सकिनेछ।

१३. चरीचराइ:– कसैले चरीचराउन चाहेमा निजले ने. रू. ।२५ पच्चीस पैसा दस्तूरसाथ नियम (४) मा उल्लेख गरेको ठाउंमा दरखास्त दिन सक्नेछ र त्यस ठाउंका डि. एफ. ओ. वा स्थानीय हाकिम वा निजहरूले तोकेको अधिकारीले त्यस्तो चरीचराउन दिन उचित सम्झेमा निजले चरीचराउन पुर्जी लिनेछ र त्यस्तो चरीचराए बापत अनुसूची (६) मा उल्लेख गरिए बमोजिम कुनै जनावरको मोल लाग्ने रहेछ भने सोही अनुसूचीमा उल्लेख गरिए बमोजिमको मोल बुझाई सोही अनुसूचीमा तोकिएको म्यादसम्म पुर्जीवालाले चरीचराउन सक्नेछ।

१४, पुर्जी दिने अधिकारीले पुर्जीमा खुलाउनुपर्ने कुरा र निजको कर्तव्य:– (१) यो नियमावलीको अधीनमा रही पुर्जी दिने अधिकारीले त्यस्तो पुर्जीमा देहायको कुरा खुलाउनुपर्छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) ल्याउन अनमति दिएको जंगली पैदावारको नाम,

(ख) त्यस्तो पुर्जीबाट कति जंगली पैदावार ल्याउन सकिने हो, सो कुरा र

(ग) चरीचराउन पुर्जी दिएकोमा कति महीनासम्म चरीचराउन पुर्जी दिइएकोहो सो कुरा

(२) अनुसूची वा अनुसूचीहरूमा उल्लेख गरिए बमोजिम कुनै जंगली पैदावारको मोल लाग्ने रहेछ भने त्यस्तो मोल पुर्जी दिने अधिकारीले पुर्जी दिनुभन्दा अगावै दरखास्त दिने व्यक्तिसंग बुझी लिनुपर्छ ।

१५. दरखास्तवालाको कर्तव्यः– कुनै दरखास्तवालाले जंगली पैदावारको पुर्जी प्राप्त गर्न दरखास्त दिएकोमा त्यस्तो दरखास्तमा निजले देहायको कुरा खोल्नु पर्छः–

(क) लिन चाहेको जंगली पैदावारको नाम,

(ख) के कति जङ्गली पैदावार लिन चाहेको हो सो कुरा,

(ग) लिन चाहेको काठको जात

(घ) कति क्यूबिक फुट काठ लिन चाहेको सो कुरा,

(ङ) के काम वा प्रयोजनको निमित्त जङ्गली पैदावार लिएको र,

(च) त्यस्तो जङ्गली पैदावार लाग्न ठाउंको ठेगाना ।

१६. पुर्जी मार्ग महीनादेखि जेष्ठ महीनासम्म दिइने र पुर्जी बमोजिमको पदार्थहरू ६ महीनाभित्र जङ्गलबाट निकासी गर्नुपर्नेः– (१) पुर्जी साधारणतः मार्ग महीनादेखि अर्को सालको जेष्ठ महीनासम्म दिइनेछ ।

(२) पुर्जीमा उल्लेख गरिएको पदार्थहरू पुर्जीवालाले त्यस्तो पुर्जी पाएको मितिले ६ महीनाभित्र जङ्गलबाट निकासी गरिसक्नु पर्छ ।

तर त्यस्तो म्यादभित्र कसैले पुर्जीमा उल्लेख गरे बमोजिमको पदार्थ जङ्गलबाट निकासी गर्न नसकेमा डि. एफ. ओ. भएको ठाउंमा डि. एफ. ओ वा निजले तोकेको अधिकारीले र निज नभएको ठाउंमा स्थानीय हाकिम वा निजले तोकेको अधिकारीले बढीमा अर्को ३ महीनाको म्याद थप दिन सक्नेछ ।

१७. सनातनदेखि चलिआएको धार्मिक कार्यको निमित्त बिना मोलमा दाउरा वा काठ दिनेः– यो नियमहरूमा जेसुकै लेखिएको भए तापनि पाटी पौवा वा धर्मशाला बनाउन काम बाहेक सनातनदेखि चलिआएको कुनै धार्मिक कामको निमित्त कुनै सवाल सनद वा खड्ग निसाना बमोजिम दाउरा वा काठ दिइरहेकोमा त्यस्तो धार्मिक कामको निमित्त बिना मोलमा दाउरा वा काठ दिइनेछ ।

१८. चीफ कञ्जर भेटरले दिएको निर्देशनको पालन गर्नुपर्नेः– चीफ कञ्जरभेटरले ऐन र यस नियमावलीसंग नबाझिने गरी समय समयमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु प्रत्येक डि. एफ. ओ. वा स्थानीय हाकिमको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

नियम ५ संग सम्बन्धित

(क) पन्द्रह हाथ लम्बाई भएको फुसको घर बनाउनु घर संगाको काठ

घर संगाको काठ	लम्बाइ बढीमा	गोलाइ बढीमा	थान
(१) साखु, सल्लो वा अन्य कुनै जातको खम्बा	१५ फुट	३ फुट	३
(२) साखु वा अन्य कुनै जातको काठको थुनी	९ फुट	३ फुट	६
साखु, सल्लो सिसौ, विजयसाल, सतिसाल, ओखर, चाँपदार, कुसुम सिमल, खैर जातको काठ बाहेक अरू जातको काठबाट दिइने			
(३) थुनी	९ फुट	३।। फुट	१०
(४) नरही	२२।। फुट	३।। फुट	१
(५) बतर्वा	१३।। फुट	३।। फुट	४
(६) पास पसरौंट	२२।। फुट	३।। फुट	२
बोटथङ गेरो, पाजन, अस्मा, कर्मा, तुन, जामुन, साखु सिसौ विजयसाल, ओखर, चाँपदार चिलाउने, सतिसाल कुसुम, सिमल खैर बाहेक अरू जातको काठबाट दिइने ।			

(७) डांडा अर्थात्
कोरावाता – – – – – – १२० गोटा

(ख) पन्ध्र हाथ लम्बाई भएको ढुंगाको गारो भएको घर बनाउन घर-संगाको काठ चांपदार र ओखर बाहेक अरू जातको काठबाट दिइने ।

(१) ढोका, झ्याल, दलिन, भग्याङ, निदाल र छानासमेतलाई बढीमा १५० क्यूबिक फट
(२) डाडां भाटा अर्थात् कोरोशला – – – – – – – – – – – १२० गोटा
(३) फल्याकको छानो हाल्ने ठाउंमा छानामा हाल्न पुग्ने फल्याकको निमित्त चाहिने काठ ।

अनुसूची–२

नियम ६ संग सम्बन्धित

हरसङ्गको काठ ओखर, चाँप, दार, सतिसाल र विजयसाल बाहेक अरू जातबाट दिने

हर १ के हर विछी जम्मा थान– ५

हर १ के १ जोरदेखि ४ जोरसम्म दरकार अनुसार दिने

हरिस – – – – – – – – – – – थान १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक १९ गते ०८ साल

भाग ३

उद्योग र वाणिज्यमन्त्रालयको सूचना

हाम्रो नेपालको निमित्त रूवा भारतबाट आउने गरी बन्दोबस्त हुन लागेकोले सर्वसाधारणमा यो सूचना दिने काम भएको छ । सो रूवा (कपास) भारतबाट पैठारी गरी ल्याई नियमबमोजिम वितरण गर्ने काम गर्न मनसुवा भएका महानुभाव सज्जनवर्गहरूले कुन इलाकाको निमित्त कतिसम्म रूवा पैठारी गरी ल्याई काम गर्नुहुने हो, सो खुलाई आफूले काम गर्ने शर्तसमेत लेखी रू. ५. (पाँच) को नोट दर्खास्त--दस्तुरबापत नत्थी गरी यस मन्त्रालयमा २००८ साल कार्तिक २५ गतेभित्र दाखिल हुने गरी खाम्को वायाँपट्टि रूवाको दर्खास्त भन्ने स्पष्ट लेखी रजिष्टरी गरी सेक्रेटरी उद्योग तथा वाणिज्यमन्त्रालयको नाममा पठाउने गर्नुहोला । दर्खास्तवालाले मागेजति काम र दर्खास्तवालाको शर्तमा काम पनि दिइनेछैन । सबै दर्खास्त हेरी सबैले काम पाउने गरी उचित शर्तमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साइफुस	,,	,,	,,	,,
सपासी	,,	,,	,,	,,
किम्बु	,,	,,	,,	,,
पानिसाज	,,	,,	,,	,,
कर्मा	,,	,,	,,	,,
चिलाउने	,,	,,	,,	,,
लाटो कर्मा	,,	,,	,,	,,
लाली कवला	,,	,,	,,	,,
कटुस जात ढाल्ने				
र मुसुरेकटुज	,,	,,	,,	,,
चक्रासी	,,	,,	,,	,,
जुनियर	ने. रू. १।५०		ने. रू. ३।	
स्पुस	,,	,,	,,	,,
जरूल	,,	,,	,,	,,
पिपली	,,	,,	,,	,,
विजय साल	,,	,,	,,	,,
लाटोर	,,	,,	,,	,,
चतुर्थ श्रेणी				
बुटेल	ने. रू. १।		ने. रू. २।	
उत्तीस	,,	,,	,,	,,
सीमिल	,,	,,	,,	,,
सल्ला, कायल	,,	,,	,,	,,
जामुन	,,	,,	,,	,,
बोट घङ्गेरा	,,	,,	,,	,,
ठिगुरे सल्ला	,,	,,	,,	,,
बांझी	,,	,,	,,	,,
लाम पाते	,,	,,	,,	,,
बांझ, खस्त्रु	,,	,,	,,	,,
पञ्चम श्रेणी				
सिरिस	ने. रू. ।७५		ने. रू. १।५०	
कदम	,,	,,	,,	,,
कञ्जाल	,,	,,	,,	,,

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाप्चे, चिप्ले					
कोलास	।,,	,,	।,,	,,	
आरूपाते	।,,	,,	।,,	,,	
आँप	।,,	,,	।,,	,,	
बेहेरा	।,,	,,	।,,	,,	
लाली	।,,	,,	।,,	,,	

षष्टम श्रेणी

माथि उल्लेख गरिएका बाहेक

अरूकु नै जातको

काठहरू । ने. रू. ।५० । ने रू. १।

नोटः–

(१) निजी घरकाजको प्रयोगको निमित्त बढीमा ३०० क्युबिक फुट काठ सहुलियत दरमा दिइनेछ ।

(२) सार्वजनिक कामको निमित्त बढीमा ५०० क्युबिक फुट काठ सहुलियत दरमा दिइनेछ ।

(३) नं. १ र २ मा उल्लेख गरिएकोभन्दा बढी काठ लिनुपरेमा सहुलियत दरमा दिइने छैन ।

(४) सर्वसाधारण जनताको तर्फबाट प्रयोग हुने स्कूल, पाटी, पौवा, धर्मशाला, अस्पताल बनाउने काम वा यस्तै अरू कामलाई सार्वजनिक काम सम्झनु पर्छ ।

अनुसूची–४

नियम १० संग सम्बन्धित

जंगली पैदावारको नाम :	जंगली पैदावारको मोल	
(१) दाउरा	एउटा मानिसले बोक्न सक्ने दाउरा भारी १ बिनामोलमा दिइनेछ ।	
	दाउरा गाडा १ के	ने. रू. १।
	दाउरा ट्रक १ के	ने. रू. ४०।
	२० फुट लामो ५ फुट चौडा	
	५ फुट अग्लो दाउरा चट्टा १ के	ने. रू. १२५।
(२) बत	एउटा मानिसले बोक्न सक्ने बेत भारी १ के	ने. रू. ३।
	बेत गाडा १ के	ने. रू. ४०।
	बेत ट्रक १ के	ने. रू. २००। दुइसय
(३) गाभा (अर्किड)	एउटा मानिसले बोक्न सक्ने गाभा १ के	ने. रू. ३।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

।	गाभा गाडा १ के	ने. रू. २०।
।	गाभा ट्रक १ के	ने. रू. १००।
(४) वनकस ।	एउटा मानिसले बोक्न सक्ने वनकस भारी १ के	ने. रू. १।
।	वनकस गाडा १ के	ने. रू. ५।
	वनकस ट्रक १ के	ने. रू. २५।
(५) सर्प गन्धा- ।		
को वा ज ।	एउटा मानिसले बोक्नसक्ने सर्पगन्धा भारी १ के	ने. रू. ५०।
रीबूटी ।	एउटा मानिसले बोक्न सक्ने सर्प गन्धा बाहेक	
संबन्धी ।	अन्य कुनै जरीबूटी संबन्धित रूखको जरा	
अन्य कुनै ।	बोक्रा फलफुल कोपिला डांठ र लहरा के	ने. रू. १।२५
रूखको ।		
जरा बोक्रा।		
फलफुल ।		
कोपीला ।		
डांठ र ।		
लहरा ।		
(६) घांसपात।	एउटा मानिसले बोक्न सक्ने भारी १–विना मोलमा दिनेइछ ।	
(७) ।	वांस साधारण गोटा १ के	ने. रू. ।१०
।	वाँस निगालो वा मा लिङ्गो	----- विनामोलमा दिइनेछ ।
(८) खर ।	खर विनामोलमा दिइनेछ ।	
(९) ढडी ।	ढडी विनामोलमा दिइनेछ ।	
(१०) सिम– ।		
लको ।		
भुवा ।	सिमलको भुवा एउटा मानिसले बोक्न सक्ने	
।	भारी १ के -----	ने. रू. १।
।	सिमलको भुवा गाडा १ के	ने. रू. ८।
।	सिमलको भुवा ट्रक १ के	ने. रू. ४०।
(११) चुन ।		
पोल्ने ।		
ढुङ्गा ।	चुनपोल्ने ढुङ्गा १०० क्युबिक फुट के	ने. रू. ५।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) ग्राभेल।

बालुवा। ग्राभेल बालुवा १०० शय क्युबिक फुट के ने. रू. २।

(१३) छाप्ने।

ढुङ्गा। छाप्ने ढुङ्गा १०० शय वर्ग फुट के ने. रू. ५।

(१४) साधा-।

रण।

ढुङ्गा। साधारण ढुङ्गा १०० शय क्युबिक फुट के ने. रू. ३।

(१५) गोल। गोल प्रति मन १ के ने. रू. २।५०

अनुसूची—५

नियम ११ संग सम्बन्धित

लकडीको जात।

र श्रेणी	१ फुटसम्म गोलाइ भएको र जतिसुकै लम्बाइ भएको प्रति काठ १ के	१ फुटदेखि माथि २ फुट-सम्म गोलाइ भएको र जतिसुकै लम्बाइ भएको प्रति काठ १ के	२ फुटभन्दा माथि र ३ फुट-सम्म गोलाइ भएको र २५ फुट-भन्दा कम लम्बाइ भएको प्रतिकाठ १ के	२ फुटभन्दा माथि र ३ फुट-सम्म गोलाइ भएको र २५फुट-भन्दा बढी लम्बाइ भएको प्रति काठ १ के
विशेष श्रेणी				
सतिसाल	ने. रू. १०।	ने. रू. २०।	ने. रू. ६०।	ने. रू. ७५।
ग्रोखर	,,	,,	,,	,,
सागवान	,,	,,	,,	,,
(टिक) दार	,,	,,	,,	,,
प्रथम श्रेणी				
साल	ने. रू. ५।	ने. रू. १०।	ने. रू. ३०।	ने. रू. ४५।
चांप	,,	,,	,,	,,
सिसौ	,,	,,	,,	,,
द्वीतीय श्रेणी				
गभारी	ने. रू. ४।	ने. रू. ८।	ने. रू, २४।	ने. रू. ३६।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सौर	,,	,,	,,	,,
खैर	,,	,,	,,	,,
सन्दन	,,	,,	,,	,,
तुन	,,	,,	,,	,,
देवदार	,,	,,	,,	,,
तृतीय श्रेणी	,,	,,	,,	,,
फर	ने. रू. ३।	ने. रू. ६।	ने. रू. १८।	ने, रू. २७।
साइप्रस	,,	,,	,,	,,
सपासी	,,	,,	,,	,,
किम्बु	,,	,,	,,	,,
पानी साज	ने. रू. ३।	ने. रू. ६।	ने. रू. १८।	ने. रू. २७।
कर्मा	,,	,,	,,	,,
चिलाउने	,,	,,	,,	,,
लाटो कर्मा	,,	,,	,,	,,
लाली कवला	,,	,,	,,	,,
कटुस				
जात				
ढाल्ने,				
मुसुरे	,,	,,	,,	,,
चक्रासी	,,	,,	,,	,,
जुनियर	,,	,,	,,	,,
स्पुस	,,	,,	,,	,,
जरूल	,,	,,	,,	,,
पिपली	,,	,,	,,	,,
विजय				
साल	,,	,,	,,	,,
लाटोर	,,	,,	,,	,,
चतुर्थ श्रेणी				
उत्तीस,				
बुटेल	ने. रू. २।	ने. रू. ४।	ने. रू. १२।	ने. रू. १८।
सिमल	,,	,,	,,	,,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सल्ला ।				
कायल ।	,, ।	,, ।	,, ।	,,
जामुन ।	,, ।	,, ।	,, ।	,,
बोट ।				
धङ्गेरो ।	,, ।	,, ।	,, ।	,,
गुरे ।				
सल्ला ।	,, ।	,, ।	,, ।	,,
बाँझी ।	,, ।	,, ।	,, ।	,,
लामपाते ।	,, ।	,, ।	,, ।	,,
बांझ				
खरस्रु ।	,, ।	,, ।	,, ।	,,

पञ्चम				
श्रेणी ।	।	।	।	
सिरिस ।	ने. रू. १। ।	ने, रू. २।	। ने. रू. ६।	। ने. रू. ९।
कदमा ।	,, ।	,, ।	,, ।	,,
कनजाल ।	,, ।	,, ।	,, ।	,,
लाप्चे ।	।			
चीप्लेको ।	।			
लास ।	,, ।	,, ।	,, ।	,,
आरू ।	।	।	।	
पाते ।	,, ।	,, ।	,, ।	,,
आँप ।	,, ।	,, ।	,, ।	,,
बहेरा ।	,, ।	,, ।	,, ।	,,
लाली ।	,, ।	,, ।	,, ।	,,

षष्टम	।	।	।
श्रेणी ।	।	।	।
माथि			
उल्लेख			
गरिएको ।	।	।	।
बाहेक			
अरू कुनै			

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जातको।

काठहरू के । ने. रू. १। ने. रू. २। । ने. रू. ६। । ने. रू. ९।

अनुसूची-६

नियम १३ संग सम्बन्धित

जनावर	। सालभरी	। ६ महीना	। ३ महीना ।
१. प्रत्येक हात्ती वा उँटको	। ने, रू. ५०।	। ने. रू. १६।	। ने. रू. ८।
२. प्रत्येक भैंसी के	। ने. रू. ।५०	। ने. रू. ।२५	। ने. रू. ।१२
३. प्रत्येक गाई, घोडा, गोरु, । वा सो सरह के । जनावर के	। विनामोल	। विनामोल	। विनामोल
४. प्रत्येक भेड़ा बाख्रा वा सो। सरहके जनावर के	। विनामोल	। विनामोल	। निवामोल

नोटः–

(१) हात्ती वा उंट चराउनेले हात्ती वा उंटमा एक भारी घांस पात डाली ल्याउन सक्नेछ ।

आज्ञाले
कृष्णबम मल्ल
श्री ५ सरकारको सचिव
बन कृषि मन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।